**स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-९बाट प्राप्त वित्तिय अधिकार क्षेत्र भित्र पर्ने यस वेदकोट नगरपालिकाको आन्तरिक आय (ठेक्का) बन्दोवस्त सम्बन्धी नियमावली २०७६ जारी गर्न वान्छनिय भएकोले यो नियमावली स्वीकृत गर्न सभा समक्ष पेश गरिएको छ।**

१) वेदकोट नगरपालिकाले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्ने ।

१.१ ऐन र यस नियमावलीको अधिनमा रही नगर सभाले निर्णय गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असूल गर्न एक आर्थिक वर्षको लागि ठेक्का वन्दोवस्त गर्न सक्नेछ । तर नगरपालिकाको आन्तरिक आय बृद्धि हुने देखिएका वा पटक-पटक ठेक्का बन्दोवस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्था भएमा बढीमा पाँच वर्ष सम्मको लागि एकै पटक ठेक्का वन्दोवस्त गर्न सकिने छ ।

**स्पष्टिकरण :-** यस नियमको प्रयोजनको लागि “ आन्तरिक आय” भन्नाले संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान, राजश्व बाँडफाँड बाट प्राप्त हुने रकम तथा अन्य विशेष प्रकृतिको अनुदान बाहेक नगरपालिकाले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आय सम्झनु पर्छ ।

१.२ दुई वा दुई भन्दा बढी स्थानीय तहको क्षेत्रभित्र पर्ने श्रोतमा आपसी सहमती द्वारा संयुक्त रुपमा उपनियम (१.१) बमोजिम ठेक्का बन्दोबस्त गर्न सक्नेछन् ।

१.३ नगरपालिकाले सामान्यतया आ.व. सुरु हुन अगाडी नै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ । तर नगर सभा सम्पन्न भएको मिति पछि ठेक्का प्रक्रिया सुरु गर्दा आ.व.सुरु भएपछि पनि ठेक्का बन्दोबस्त गर्न सकिनेछ । यसरी ठेक्का बनदोवस्त गर्दा यस नियमावलीमा अन्यत्र जुनसुकै कूरा लेखिएको भएतापनी फर्म तथा व्यक्तिको सूचिकृत गराई रहन आवश्यक पर्ने छैन ।

१.४ उपनियम (१.१) बमाजिम ठेक्का बन्दोवस्त गर्दा देहायको कार्यविधि अपनाउनु पर्नेछ **:**

क) आगामी आर्थिक वर्षको लागि प्रत्येक आन्तरिक आय श्रोतको उपलब्धता, सम्भावित परिचालन, सो श्रोत परिचालनको व्यवस्थापन तथा लागत र चालु वर्षको ठेक्का अङ्क समेत विचार गरी आन्तरिक आयको प्रक्षेपण गरी न्यूनतम ठेक्का अङ्क र असुली कार्यतालिका समेत भएको कार्यान्वयन कार्य योजना तयार गर्नु पर्नेछ ।

ख) खण्ड (क) बमोजिम असुली कार्यतालिका र कार्यान्वयन कार्ययोजना तयार भईसकेपछि, ठेक्का बन्दोबस्त गर्नको लागि नगर सभाले निर्धारण गरेको दररेट, ठेक्काका सामान्य तथा विशेष शर्तहरु र सूचनामा उल्लेख गरिने कुराहरु तथा अन्य आवश्यक विवरणहरु समेत समावेश भएको ठेक्का सम्बन्धी कागजात तयार गर्नु पर्नेछ ।

ग) खण्ड (क) बमोजिमको कार्यान्वयन कार्य योजनाको आधारमा कुनै आन्तरिक आय दुई लाख रुपैयाँ भन्दा कम उठ्ने भएमा सोझै वार्ताद्वारा र दुई लाख भन्दा बढी उठ्ने भएमा बोलपत्र आह्वान गरी सम्झौता गर्नु पर्नेछ ।

घ) खण्ड (ग) बमोजिम बोलपत्र आह्वान गर्दा न्यूनतम ठेक्का अंक २० लाख रुपैयाँ सम्म भए स्थानीय स्तरमा नियमित प्रकाशन हुने दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र २० लाख भन्दा बढी राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा तिस दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना बोलपत्र माग गर्ने न.पा., जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, तथा सो जिल्लाको सदरमुकाममा कुनै निर्माण व्यवसायी संस्था, उद्योग वाणिज्य संघ तथा न.पा. भित्रको उद्योग वाणिज्य संघ भए त्यस्ता संस्थाको कार्यालयमा समेत सवैले देख्ने गरी सार्वजनिक ठाउँमा सूचना टाँस गरी सोको मुचुल्का वा टाँसेको जानकारी प्राप्त गर्नु पर्नेछ ।

ङ) खण्ड (घ) बमोजिमको सूचनामा देहायका कुराहरु खुलाउनु पर्नेछ :

१. साबिकमा ठेक्का लागि आएको भए कति रकम र के शर्तमा लागेको हो सो कुरा,

२. ठेक्काका मुख्य मुख्य शर्तहरु

३. श्रोतगत र स्थानगत विवरण र उठाउनु पर्ने आन्तरिक आयको सम्भावित परिमाण

४. ठेक्का सम्झौता बमोजिमको रकम एकमुष्ट बुझाँउदा छुट दिईने भए सो कुरा,

५. बोलपत्र फारम प्राप्त हुने स्थान (स्थान खुलाउँदा न.पा.को निर्णयले एकभन्दा बढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिने व्यवस्था मिलाउन सकिनेछ वा इन्टरनेटबाट डाउनलोड गरी फारम प्राप्त गर्न सकिने व्यवस्था मिलाउन सकिनेछ । यसरी इन्टरनेटबाट डाउनलोड गरिएको बोलपत्र दाखिला गर्दा उक्त सूचना बमोजिम लाग्ने रकम बुझाउनु पर्नेछ,

६. बोलपत्र पठाउनु पर्ने तरिका,

७. बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम (कार्यालय वा अधिकारीको नाम खुलाउँदा सम्बन्धित न.पा.को निर्णयले एकभन्दा बढी स्थानीय तह र जिल्ला प्रशासन कार्यालय, विषयगत कार्यालयहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय समेतलाई समावेश गर्न सकिनेछ),

८. बोलपत्र बापत लाग्ने मूल्य,

९. बोलपत्र दाखिला हुनुपर्ने अन्तिम मिति र समय, तथा बोलपत्र खोलिने समय, मिति र स्थान,

१०. बोलपत्र उपर निर्णय हुने मिति,

११. जमानत बापत राख्नुपर्ने रकमा वा वैंकग्यारेन्टीको किसिम र मान्य अवधि,

१२. अन्य आवश्यक कुराहरु ।

(च) खण्ड (ङ) को उपखण्ड (८) बमोजम बोलपत्र फारमको दस्तुर कायम गर्दा आर्थिक ऐन/सार्वजनिक खरिद नियमावलीमा भए बमोजिमको मूल्य कायम गर्नु पर्नेछ ।

(छ) खण्ड (ङ) बमोजिम प्रकाशन सूचनाको म्यादभित्र पर्न आएका बोलपत्रहरुको दर्ता, खोल्ने कार्यविधि विदेशी बोलपत्रदाताले बोलपत्रध दिंदा खुलाउनु पर्ने कुरा, स्थानीय एजेन्ट भएका विदेशी बोलपत्रदाताको सम्बन्धमा हुने कारबाही, बोलपत्रदाताले पेश गर्नुपर्ने विवरण तथा अन्य कार्यविधि यसै नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

(ज) खण्ड (घ) बमोजिम प्रथम पटक बोलपत्र आह्वान गर्दा बोलपत्र पर्न नआएमा वा रित पूर्वकको एउटा पनि बोलपत्र प्राप्त नभएमा वा कबोल अंक अनुमानित ठेक्का अंक भन्दा कम भएमा पहिलो म्याद भन्दा कम्तीमा आधा म्याद दिई पुनः सूचना प्रकाशन गरी बोलपत्र आह्वान गर्नु पर्नेछ ।

(झ) खण्ड (ज) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि बोलपत्र नपरेमा कम्तीमा सात दिनको म्याद दिई खण्ड (ङ) बमोजिमको सूचनामा देहायको कुराहरु थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ ।

१. बढाबढ हुने न.पा. कार्यालय वा अन्य कुनै स्थान,
२. बढाबढ हुने समय र मिति
३. अन्य आवश्यक कुराहरु ।

१.५ उपनियम (१.४) को खण्ड (ङ) र खण्ड (झ) बमोजिम प्रकाशित सूचना बमोजिम बोलपत्र दिने वा बढाबढ डाँक बोल्ने व्यक्तिले नेपाली नागरिक भए आफूले कबूल गरेको अंङ्कको पाँच प्रतिशत र गैर नेपाली नागरिक भए, आफूले कबूल गरेको अंङ्कको दश प्रतिशत रकम न.पा. का नाममा उक्त सूचनामा तोकिएको बैंङ्कमा जमानत वाफत रकम जम्मा गरेको सक्कल भौचर संलग्न राखी वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको सूचनामा पचहत्तर दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नु पर्नेछ । तर बढाबढ गर्दा पनि न.पा. ले तोके बमोजिमको न्यूनतम अङ्क पनि कवोल अङ्क हुन नआएमा न.पा. को राजश्व परामर्श समितिको सिफारिसमा आवश्यक प्रकृया अपनाई आन्तरिक आयको व्यवस्था गर्न सकिनेछ ।

१.६ यस नियमावली बमोजिम जफत हुने अवस्थामा बाहेक उपनियम (१.५) बमोजिम राखिएको जमानत वापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको बोलपत्र वा बोलेको डाँक अस्वीकृत भएको मितिले तीस दिन भित्र निजलाई फिर्ता गर्नु पर्नेछ । तर कुनै ठेक्काको चलान पूर्जी नलिएसम्म वा पट्टा नउठाएसम्म सो ठेक्का कबुल गर्ने मध्ये सो ठेक्का क्रम अनुसार दिन सिफारिस गरिएका जमानतवालाहरुको जमानत न.पा.ले फिर्ता नगरी स्थगित राख्न बाधा पर्ने छैन ।

१.७ उपनियम (१.४) अन्तर्गत प्रकाशित सूचनामा बढाबढको लागि तोकिदिएको समय वा मिति भन्दा पछि वा त्यस्तो सूचनामा बढाबढको लागि तोकिदिएको स्थान बाहेक अन्य कुनै स्थानमा वा हुलाक, फोन वा आकाशवाणीद्वारा बोलेको कुनै पनि डाँक उपर कुनै कारबाही गरिने छैन ।

२. ठेक्का स्वीकृत गर्ने : (२.१) नियम (१) को उपनियम (१.४) अन्तर्गत प्रकाशित सूचना बमोजिम दाखिला भएको कुनै वा सबै बोलपत्र वा बोलेको कुनै वा सबै डाँक नगरपालिका कार्यालयले कुनै कारण देखाई वा नदेखाई स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

२.२ रितपूर्वकको बोलपत्र प्राप्त भएपछि सबैबभन्दा बढी कबोल गर्नेको बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।

२.३ नियम (१) को उपनियम (१.४) को खण्ड (झ) बमोजिम सार्वजनिक बढाबढ गर्दा न्यूनतम अङ्कबाट बढाबढ शरु गरी सबैभन्दा बढी डाँक कबोल गर्ने वालाको डाँक तत्कालै नियम (१) को उपनियम ( १.५) बमोजिमको धरौटी वा वैंङ्क ग्यारेन्टी लिई स्वीकृत गर्नु पर्नेछ ।

२.४ यस नियम बमोजिमको बोलपत्र वा सार्वजनिक बढाबढको डाँक स्वीकृत गर्ने अधिकार आर्थिक ऐन/ सार्वजनिक खरिद नियमावलीमा उल्लेखित अधिकारीहरुलाई सोही नियमहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

३. पट्टा दिने र कबुलियत गराउने : ३.१ यस नियमावली बमोजिम आन्तरिक आय उठाउने बोलपत्र वा डाँक स्वीकृत भैसकेपछि ठेक्का बन्दोबस्त गर्ने न.पा वा अधिकारीले सात दिनभित्र सो कुराको सूचना बोलपत्र वा डाँकवालालाई दिनुपर्नेछ ।

३.२. उपनियम (३.१) बमोजिम सूचना जारी गर्दा बाटाका म्याद बाहेक सात दिनको म्याद दिई सो म्यादभित्र आफ्नो कबूल बमोजिम कबुलियत गर्न नआएमा त्यस पछिको बोलपत्र वा डाँकवालालाई ठेक्का दिइने कुरा स्पष्ट खोली सूचना तामेल गर्न गराउनु पर्नेछ । यस्तो सूचना जारी गर्दा सूचना पाउनुपर्ने व्यक्ति नभेटिएमा वा सूचना बुझ्नी नलिएमा सम्बन्धित वडा समिति सदस्य एक जना समेत स्थानीय व्यक्तिहरु चार जनालाई साक्षी राखी सूचना पाउनुपर्ने व्यक्तिको घर दैलोमा टाँस गरेमा पनि सो सूचना प्राप्त भएको मानिनेछ । तर यस्तो सूचना कुनै स्थानीय पत्रपत्रिकामा प्रकाशन गरेमा पनि सम्बन्धित व्यक्तिले सूचना प्राप्त गरेको मानिनेछ ।

३.३. उपनियम (३.१) र (३.२) बमोजिम जारी भएको सूचनाको म्यादमा सो व्यक्ति हाजिर भई कबुलियत गर्न मञ्जुर गरे ठेक्का बन्दोबस्त गर्ने न.पा.को सचिवले निजबाट तुरुन्त कबुलियत गराई निजलाई पट्टा वा चलन पूर्जी दिनु पर्नेछ । त्यस्तो व्यक्ति हाजिर नभएमा वा आफ्नो बकुल बमोजिम कबुलियत गर्न मञ्जुर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्र वा डाँकवालालाई प्राथमिकता दिई उपनियम (३.२) बमोजिमको सूचना जारी गरी ठेक्का बन्दोबस्त गर्नु पर्नेछ । यसरी ठेक्का वन्दोबस्त गर्दा त्यस्तो रकम स्थानीय तहले अनुमान गरेको अङ्क भन्दा कम हुने रहेछ भने यस नियमावलीको प्रकृया पुऱ्याई पुनः बोलपत्र आह्वान गर्नुपर्नेछ ।

३.४. स्थानीय तहले संयुक्त रुपमा आव्हान गरेको बोलपत्र वा बढाबढको डाँक स्वीकृत गर्ने र ठेक्का बन्दोबस्त गर्ने अख्तियारवालाले बोलपत्र खोलिएको वा डाँक बोलाइएको तीन दिन भित्र बोलपत्र वा डाँक स्वीकृत गर्ने वा नगर्ने निकासाका लागि सो स्वीकृत गर्ने संयुक्त समिति समक्ष पेश गरी निकासा भए बमोजिम गर्नु पर्नेछ । स्थानीय तहको संयुक्त समितिले पनि यसरी पेश भएको पन्ध्र दिनभित्र बोलपत्रवा वा डाँक स्वीकृत भए वा नभएको निकासा दिइसक्नु पर्नेछ । सो म्यादभित्र पेश नगरेको वा निकासा नदिएको कारणले स्थानीय निकायलाई कुनै हानी नोक्सानी भएमा जसको ढिलाई वा लापरवाहीले गर्दा म्यादभित्र पेश वा निकासा हुन नसकेको हो सो जिम्मेवार व्यक्तिबाट सो हानी नोक्सानी असूल उपर गरीलिनु पर्नेछ ।

३.५ बोलपत्र वा डाँक स्वीकृत भए पछि त्यस्तो वोलपत्रदाता वा डाँकवालाबाट स्वीकृत ठेक्का अङ्कको कुल रकमको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैङ्कको कम्तीमा छ महिना म्याद भएको परफरमेन्स वण्ड वा नगदै रकम प्राप्त भएपछि ठेक्का पाउने सबै पाउने सबै शर्त खुलाई सम्बन्धित ठेकेदारसँग अनुसूची-१ बमोजिम कबुलियत गराई अनुसूची-२ बमोजिम पट्टा दिनु पर्नेछ ।

३.६. बोलपत्र वा डाँक स्वीकृत भएको सूचना प्राप्त भए पछि सो सूचनामा तोकिएको म्यदभित्र बोलपत्र वा डाँकवालाले चलन पूर्जी नलिएमा वा पट्टा नउठाएमा निजले नियम १ को उपनियम १.५ बमोजिम राखेको जमानत जफत भई न.पा.को कोषमा दाखिला हुनेछ ।

४. ठेक्का रकमको किस्ता बुझाउने तरिका : ४.१ न.पा.ले आन्तरिक आय उठाउने कार्यको ठेक्का बन्दोबस्त गर्दा असूल गर्नुपर्ने किस्ताको अङ्क निर्धारण ठेक्का सम्बन्धि सूचना र बोलपत्रमा उल्लेखित असूली कार्यतालीका र अन्य शर्त बमोजिम हुनेछ । तर यसरी कार्यतालिका बनाउँदा राजस्व उठ्ने सम्भाव्य समय र भुक्तनी गर्ने किस्ताको समय मिलान भएको र किस्ताहरु बीचको समयान्तर चार महिनाभन्दा बढी नभएको हुनु पर्नेछ ।

४.२. ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा औचित्य हेरी नगर कार्यपालिकाको निर्णयको आधारमा बढीमा दश प्रतिशत सम्म छुट दिन सकिनेछ ।

५. ठेक्का तोड्ने : (५.१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप काम गरेकोमा वा त्यस्तो शर्त बमोजिम गर्नु पर्ने कुनै काम नगरेमा बाहेक यस नियमावली बमोजिम पट्टा कबुलियत भैसकेपछि ठेक्काको अवधि भुक्तान नहुदै बिचैमा कुनै ठेक्का तोड्ने वा छोड्न हुँदैन ।

५.२ कुनै ठेकेदारले न.पा.ले तोकेको दरभन्दा बढी दरमा कर, दस्तुर, शुल्क तथा अन्य आय असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुमा कर, सेवाशुल्क वा दस्तुर असूल गरेमा वा एक स्थानीय तहले लिएको करको प्रमाण हुँदा हुँदै दाहोरो हुने गरी कर असूल गरेमा त्यस्तो ठेकेदारबाट असूल गरी सम्बन्धित न.पा.ले फिर्ता गर्नु पर्नेछ ।

५.३ उपनियम (५.२) मा उल्लेखित क्रियाकलाप पुनः दोहोरिएमा त्यस्तो ठेकेदारको ठेक्का तोडी सो ठेक्का भोगचलन गर्न राखेको बैंक जमानतबाट सम्झौता बमोजिमको रकम असूल गरी निजको नाम कालोसूचिमा राखी अन्य स्थानीय तह र संघिय तथा प्रदेश सरकारको लाईसेन्सस दिने कार्यालयलाई समेत जानकारी दिईने छ र बाँकी अवधीको लागि नयाँ ठेक्का बन्दोबस्त गरिने छ ।

५.४ उपनियम (५.३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा साविकको ठेक्काको दर र असूली कार्यतालीका बमोजिम गनि महशुल असूल गरी ठेक्का दिन सकिनेछ ।

५.५ उपनियम (५.३) बमोजिम ठेक्का तोडिएकोमा त्यसबाट स्थानीय तहलाई भएको नोक्सानी र स्थानीय तहले ठेकेदारबाट लिनु पर्ने बाँकी भएमा त्यसको दश प्रतिशत सूद समेत सो ठेकेदारले राखेको जमानतबाट असूल नभए निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ । तर आफ्नो काबु बाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने सम्बन्धित स्थानीय तहको सभाले सो बमोजिम असूल गर्नु पर्ने रकम मध्ये सम्बन्धित राजश्व परामर्श समितिको परामर्श लिई उपयुक्त रकम मिनाह दिन सक्नेछ ।

५.६ नगरपालिकाले ठेक्का बन्दोबस्त गरी ठेकेदारलाई दिएको पट्टा वा चलन पूर्जीमा उल्लिखित कुनै शर्तको उल्लंघन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनु भन्दा अगावै ठेक्का छुटाएमा त्यसबाट ठेकेदारलाई भएको हानी नोक्सानी स्थानीय तहले ब्यहोर्नु पर्नेछ । यस सम्बन्धी आवश्यक निर्णय नगर कार्यपालिकाले गरे बमोजिम हुनेछ ।

६. बक्यौता रकम असूली सम्बन्धि व्यवस्था :

६.१ नगरपालिकाले विभिन्न कारणबाट असूल हुन नसकी बाँकी रहेको बक्यौता रकम असूल गर्न बक्यौता असूली कार्ययोजना बनाई रकम असूल उपर गर्नु पर्नेछ ।

६.२ उपनियम (६.१) बमोजिम असूल गर्नुपर्ने रकम असूलीको लागि स्थानीय प्रशासन, प्रहरी, नगरिक समाज वा अन्य व्यक्तिको समेत सहयोग लिन सक्नेछ ।

६.३ उपनियम (६.२) बमोजिम सहयोग प्राप्त भै बक्यौता रकम असूली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई न.पा.ले असूली अङ्कको बढीमा ५ प्रतिशत रकम पुरस्कार स्वरुप उपलब्ध गराउन सक्नेछ । एक भन्दा बढी व्यक्ति वा संस्थाको सक्रियतामा बक्यौता रकम असूली भएको भए यस्तो पुरस्कार रकम दामासाहीबाट उपलब्ध गराउनु पर्नेछ । यस्तो पुरस्कार सम्बन्धि निर्णय नगर कार्यपालिकाको बैठकले गर्नुपर्नेछ ।

६.४ उपनियम (६.१)(२) र (३) बमोजिमको प्रकृयाबाट पनि रकम असूल उपर हुन नसकेमा सरकारी बाँकी रकम असूल उपर गर्नु पर्नेछ ।

अनुसूची-१

## कबुलियतनामा

बेदकोट नगरपालिका र ..... का वीच ...... हुने ....... कर, शुल्क, दस्तुर र अन्य आय उठाउने ठेक्का कबुलियतनामा

लिखितम् कञ्चनपुर जिल्ला, बेदकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सिसैया,कञ्चनपुर (प्रथम पक्ष) आगे कञ्चनपुर जिल्ला .................. वस्ने श्री ...................... (द्धितीय पक्ष) का वीच यस बे.न.पा.को मिति .................. गतेको निर्णय अनुसार आ.व. ................ का लागी ......................... द्धितीय पक्षका नाममा Vat वाहेक रु.....................।- मा स्वीकृत भई प्रकाशित सूचना वमोजिम भ्याट सहित रु............... प्रथम पक्षलाई वुझाउने र उक्त रकम मध्ये भ्याट वापतको रकम रु............. आन्तरिक राजश्व कार्यालय लाई प्रथम पक्षवाट वुझाउने गरि तपसीलमा उल्लेखित दरमा मु.अ.कर थप गरि निम्न शर्तका अधिनमा रहि द्धितीय पक्षले कर उठाउन यो कबुलियतनामा पत्रमा हस्ताक्षर गरि लियौं । दियौं ।

### ठेक्काका शर्तहरु

१) तपसीलमा उल्लेखित मालवस्तुहरुमा तोकिए अनुसारको दरमा ठेकेदारले कर असुल गर्न मन्जुर छु ।

२) ठेक्का अर्न्तगत कुनै कर, दस्तुर, शुल्क तिर्नु पर्ने भएमा ठेकेदार स्वयमले तिर्न मन्जुर छु ।

३) ठेक्का सम्बन्धी कुनै विवाद परेमा दुवै पक्ष मिली सहमती कायम गरिने छ र सहमती कायम हुन नसकेमा प्रथम पक्षको निर्णयलाई अन्तिम निर्णय मान्नेछु ।

४) कर उठाउने काम ठेकेदार स्वयमले वा निजवाट मुकरर प्रतिनिधीले मात्र गर्न पाउने छन् ।

५) प्रथम पक्षले दिएको दररेट भन्दा फरक परि वा उल्लेख भएका वस्तु वाहेकमा कर उठाएको भेटिएमा ठेक्का सम्झौता खारेज गरि ठेक्का वापत प्रथम पक्षलाई भुक्तानी दिन दोश्रो पक्षवाट राखिएको जवानी अनुसारको रकम वा एकमुष्ट वुझाएको भए सोही अनुसारको रकम सम्पूर्ण जफत गरि अन्य कार्वाही समेत प्रथम पक्षले अगाडी बढाएमा सहमत हुनेछु ।

६) द्धितीय पक्षले करको दररेट स्पष्ट देखिने गरी कर उठाउने ठाउंमा वोर्ड वनाई अनिवार्य रुपमा राख्नु मन्जुर छु र कर उठाउने रसिदहरु द्धितीय पक्षले प्रथम पक्षवाट अनिवार्य रुपमा प्रमाणित गराई छापलगाई मात्र प्रयोग गर्नेछु ।

७) कसैले कर नतिरेको द्धितीय पक्षले फेला पारेमा तोकिएको दररेटमा शत प्रतिशत थप गरि असुल गर्न प्रथम पक्षको समेत सहयोग रहनेछ ।

८) आय कर तथा मुल्य अविवृद्धि कर सम्बन्धमा प्रचलित ऐन नियममा व्यवस्था भए वमोजिम हुनेछ ।

९) प्रथम पक्षले द्धितीय पक्षलाई कवोल गरेको ठेक्का अंकमा प्रचलित ऐन कानून बाहेक मिन्हा दिईने छैन ।

१०) कर तोकिएको संकलन केन्द्रमा उठाउनु पर्नेछ ।

११) आ.व.................. का लागी आन्तरिक श्रोत उठाउने ठेक्का सम्बन्धी टेण्डर डकुमेण्टमा उल्लेखित शर्त एवं प्रावधानहरु यस सम्झौताको प्रावधानको रुपमा लागु गर्न मन्जुर छु ।

१२) प्रचलित ऐन कानूनमा कुनै परिवर्तन भएमा सोही बमोजिम हुनेछ ।

१३) यस कबुलियतनामामा उल्लेखित नभएका कुराहरु प्रचलित ऐन कानून वमोजिम हुने छन ।

**तपसील:**

**दर :.....................**

| **द्धितिय पक्षका तर्फबाट** | **प्रथम पक्षका तर्फबाट** |
|---|---|
| | ................................ |
| ..................... | ........................... |
| ...................... | प्रमुख प्रशासकीय अधिकृत |
| प्रो...................... | बेदकोट नगरपकालिका |
| ठेगाना ..................... | |
| फर्मको | |

मिति : २०७...... साल ......... महिना ...... गते ..... मा शुभम्

अनुसूची-२

## सम्झौता पत्र

बेदकोट नगरपालिका र ..... का वीच ....... हुने ....... कर, शुल्क, दस्तुर र अन्य आय उठाउने ठेक्का सम्झौता पत्र

लिखितम् कञ्चनपुर जिल्ला, बेदकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सिसैया,कञ्चनपुर (प्रथम पक्ष) आगे कञ्चनपुर जिल्ला .................. वस्ने श्री ...................... (द्धितीय पक्ष) का वीच यस बे.न.पा.को मिति .................. गतेको निर्णय अनुसार आ.व. ................ का लागी ......................... द्धितीय पक्षका नाममा Vat वाहेक रु.....................।- मा स्वीकृत भई प्रकाशित सूचना वमोजिम भ्याट सहित रु............... प्रथम पक्षलाई वुझाउने र उक्त रकम मध्ये भ्याट वापतको रकम रु............. आन्तरिक राजश्व कार्यालय लाई प्रथम पक्षवाट वुझाउने गरि तपसीलमा उल्लेखित दरमा मु.अ.कर थप गरि निम्न शर्तका अधिनमा रहि द्धितीय पक्षले कर उठाउन यो सम्झौता पत्रमा हस्ताक्षर गरि लियौ । दियौ ।

### ठेक्काका शर्तहरु

१) तपसीलमा उल्लेखित मालवस्तुहरुमा तोकिए अनुसारको दरमा ठेकेदारले कर असुल गर्नु पर्नेछ ।

२) ठेक्का अर्न्तगत कुनै कर, दस्तुर, शुल्क तिर्नु पर्ने भएमा ठेकेदार स्वयमले तिर्नु पर्नेछ ।

३) ठेक्का सम्बन्धी कुनै विवाद परेमा दुवै पक्ष मिली सहमती कायम गरिने छ र सहमती कायम हुन नसकेमा प्रथम पक्षको निर्णयलाई अन्तिम निर्णय हुनेछ ।

४) कर उठाउने काम ठेकेदार स्वयमले वा निजवाट मुकरर प्रतिनिधीले मात्र गर्ने छन् ।

५) प्रथम पक्षले दिएको दररेट भन्दा फरक परि वा उल्लेख भएका वस्तु बाहेकमा कर उठाएको भेटिएमा ठेक्का सम्झौता खारेज गरि ठेक्का वापत प्रथम पक्षलाई भुक्तानी दिन दोश्रो पक्षवाट राखिएको जवानी अनुसारको रकम वा एकमुष्ट वुझाएको भए सोही अनुसारको रकम सम्पूर्ण जफत गरि अन्य कार्वाही समेत प्रथम पक्षले अगाडी बढाउने छ ।

६) द्धितीय पक्षले करको दररेट स्पष्ट देखिने गरी कर उठाउने ठाउंमा बोर्ड बनाई अनिवार्य रुपमा राख्नु पर्नेछ र कर उठाउने रसिदहरु द्धितीय पक्षले प्रथम पक्षवाट अनिवार्य रुपमा प्रमाणित गराई छापलगाई मात्र प्रयोग गर्नु पर्नेछ ।

७) कसैले कर नतिरेको द्धितीय पक्षले फेला पारेमा तोकिएको दररेटमा शत प्रतिशत थप गरि असुल गर्न प्रथम पक्षको समेत सहयोग गर्नेछ ।

८) आय कर तथा मुल्य अविवृद्धि कर सम्बन्धमा प्रचलित ऐन नियममा व्यवस्था भए वमोजिम हुनेछ ।

९) प्रथम पक्षले द्धितीय पक्षलाई कवोल गरेको ठेक्का अंकमा प्रचलित ऐन कानून बाहेक मिन्हा दिईने छैन ।

१०) कर तोकिएको संकलन केन्द्रमा उठाउनु पर्नेछ ।

११) आ.व.................. का लागी आन्तरिक श्रोत उठाउने ठेक्का सम्बन्धी टेण्डर डकुमेण्टमा उल्लेखित शर्त एवं प्रावधानहरु यस सम्झौताको प्रावधानको रुपमा लागु गरिनेछ ।

१२) प्रचलित ऐन कानूनमा कुनै परिवर्तन भएमा सोही बमोजिम हुनेछ ।

१३) यस सम्भौता पत्रमा उल्लेखित नभएका कुराहरु प्रचलित ऐन कानून वमोजिम हुने छन् ।

**तपसील:**

**दर :.....................**

**द्धितिय पक्षका तर्फबाट**

.....................
......................
प्रो......................
ठेगाना .....................
फर्मको

**प्रथम पक्षका तर्फबाट**

...............................
...........................
प्रमुख प्रशासकीय अधिकृत
बेदकोट नगरपकालिका

मिति : २०७...... साल ......... महिना ...... गते ..... मा शुभम्